**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज**
**पूर्व अध्यक्ष परिषद्**
**बैठक नं १**

अन्तर्राष्ट्रिय नेपाली साहित्य, पूर्व अध्यक्ष परिषद्को पहिलो बैठक आज मार्च ३०, २०१९ का दिन सम्पन्न भयो। बैठकमा भएको उपस्थिति, विषयवस्तु तथा निर्णयहरु यसप्रकार छन् :

**उपस्थिति :**

१) श्री होमनाथ सुबेदी
२) श्री किरण ढुंगाना
३) श्री बसन्त श्रेष्ठ
४) श्री भिम रेग्मी
५) श्री पुरु सुबेदी
६) श्री मोहन सिटौला
७) श्री पदम विश्वकर्मा

**बैठकका बिषय बस्तुहरु :**

१) स्वागत तथा परिचय
२) अनेसासका गतिविधिहरुमा पूर्व अध्यक्षज्यूहरुको उपस्थिति
३) वर्तमान विधानमा समाबेश गर्न सुझाव
४) विविध सुझावहरु

**निर्णय तथा जानकारीहरु :**

१) बैठकमा उपस्थित सबै पूर्व अध्यक्षज्यूहरुलाई परिषद्का संयोजक पदम विश्वकर्माले स्वागत गर्नु भयो। स्वागत पश्चात् सबै पूर्व अध्यक्षज्यूहरुले आ-आफ्नोतर्फबाट मन्तब्य प्रकट गर्नु भयो।

२) केन्द्रीय कार्यसमिति, बोर्ड अफ ट्रष्टी, स्थानीय च्याप्टर लगायत अनेसासका गतिविधिहरुमा पूर्व अध्यक्षज्यूहरुको उपस्थिति रहन सक्दो प्रयास गर्ने। यसका अतिरिक्त बेलायतमा आगामी अगष्ट महिनामा आयोजना हुने छैटौं अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मलेनमा पूर्व अध्यक्ष परिषद्कातर्फबाट कार्यपत्र प्रस्तुत गर्ने समन्वय गर्ने।

३)	वर्तमान विधानमा पूर्व अध्यक्ष परिषद्कातर्फबाट सुझाबहरु पेश गर्न एकहप्ता भित्र आ-आफ्नो सुझाब पेश गर्ने र ती सुझाबहरु समायोजन गरी बिधान सुझाब समितिलाई पेश गर्ने निर्णय भयो। त्यसको निमित्त संयोजक पदम बिश्वकर्माले सबै पूर्व अध्यक्षहरुलाई वर्तमान बिधान परिपत्र गर्ने निर्णय भयो।

४)	आइआरएसमा दर्ता भएका च्याप्टरहरुको नविकरण र ट्याक्स फाइल गर्न सम्बन्धित च्याप्टरहरुलाई पुनस्मरण गराउन केन्द्रीय कार्यसमितिलाई सुझाब पेश गर्ने।

५)	अनेसासका विविध विषयमा अन्तर्क्रिया तथा छलफल गर्न अनेसास उत्कृष्ट पुस्तक पुरस्कार वितरणका अवसर (नोभेम्बर २०१९ ) मा एकदिने अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने र सो अवसरमा सबै पूर्व अध्यक्षहरु, पूर्व बोर्ड अफ ट्रष्टीका सभापति, केन्द्रीय कार्यसमितिका वर्तमान अध्यक्षलाई अन्तर्क्रियामा उपस्थित हुन अनुरोध गर्ने।

६)	पूर्व अध्यक्ष परिषद्को नियमित बैठक हरेक महिनाको पहिलो आइतबार साँझ ८ बजे (अमेरिकी पूर्वीय समय) मा गर्ने निर्णय भयो।